# त्रियुगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### गाईघाट, उदयपुर
### प्रदेश न. १

☎ ०३५- ४२०१०८
फ्याक्स ४२०१८६
triyuga@ntc.net.np


पत्र संख्या :-
चलानी नम्बर :-

मिति २०७५|२|२१

**बिषय :-शिलबन्दी दरभाउ पत्र आव्हान सम्वन्धमा|**
**(प्रथम पटक प्रकाशित मिति २०७५|२|२१)**

यस नगरपालिकाको मिति २०७५|०२|२० को निर्णयानुसार आ.व.२०७५|०७६ देखिको लागि तपशिल बमोजिमका ठेक्काहरु शिलवन्दी दरभाउ पत्र प्रकृयावाट गर्ने भएकोले प्रथम पटक यो ३० दिने सुचना आव्हान गरिएको छ निम्न शर्तहरुको अधिनमा रही दर भाउ पत्र यस कार्यालयको कर शाखाबाट खरिद गरी दर्ता गर्न हुन सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नम्वर | ठेक्का विवरण | न्युनतम रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३|०७४|०७५ | कृषि तथा पशु जन्य निकासी, चौपाया‚ वनजन्य वनकस खोटो‚जरिवुटी‚ काठ | २०,००,०००| | १०००| | |
| २ | ४|०७४|०७५ | देउरी,जलजले हटिया | १००,०००| | १०००| | |
| ३ | ५|०७४|०७५ | विज्ञापन कर (वार्षिक) | ५००,०००| | १०००| | ३ वर्ष |
| ४ | ६|०७४|०७५ | सवारी पाकि• | ७५०,०००| | १०००| | |
| ५ | ७|०७४|०७५ | कवाडी कर | ४५०,०००। | १०००। | |
| ६ | ८|०७४|०७५ | पोखरी ( वगाहा सालघारी र देउरी.वार्षिक॰ | १००,०००। | १०००। | ३ वर्ष |

शर्त तथा बन्देजहरु

- टेण्डर फारम नगरपालिकाको कार्यालयको कर शाखाबाट रु. १००० (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ ।
- प्रत्येक ठेक्काको छुटटाछुटटै फारम खरिद गर्नु पर्ने छ ।
- धरौटी वापत ठेक्का कवोल अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा रा.वा. बैक गाईघाट शाखामा रहेको धरौटी खाता नं.२०९०३०३००७१०२ खातामा जम्मा गरी सो को सक्कलै बैक भौचर वा मान्यता प्राप्त बैकको विटवन्ड,नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित अनिवार्य रुपमा टेण्डर साथ दाखिता गर्नु पर्नेछ ।
- म्याद भित्र परेका वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ |साथै न्युनतम रकम भन्दा कम रकम राखी आएका ठेक्कालाई स्वीकृत गरिने छैन ।
- टेण्डर प्रकाशित भएको मितिले ३० औं दिन सम्म फारम खरिद गर्न सकिनेछ |टेण्डर प्रकाशित भएको ३१ औं दिनको १२.०० बजे सम्म दर्ता गराई सक्नु पर्नेछ |उक्त टेण्डर सोही दिनको २.०० बजे यस कार्यालयमा खोलिने छ |खोल्ने समयमा प्रस्ताव दाता वा प्रतिनिधि उपस्थित हुन पर्नेछ |उपस्थित नभएमा पनि कार्यालयको प्रतिनिधिको रोहरवरमा टेण्डर खोल्न वाधा पर्ने छैन ।
- ठेक्का दिन चाहने व्यक्ति वा संस्थाले ठेक्का स्वीकृत भए पछि सम्झौता गर्नु अगाडी कुल ठेक्का अंक वरावरको रकम पुरै नगद यस नगरपालिकामा जम्मा गर्नु पर्ने वा १ वर्षको मान्य हुने मान्यता प्राप्त बैकको बैक ग्यारेन्टी पेश गरी मासिक रुपले अग्रिम किस्ता रकम बुझाउनु पर्नेछ । एकमुष्ट रकम बुझाउनेलाई स्थानीय निकाय(आर्थिक प्रशासन )नियमावली २०५६ अनुसार कुल ठेक्का रकमको ५% छुट दिइने छ ।
- बैक ग्यारेन्टी राखी ठेक्का लिनेको हकमा १० औं महिना भित्र पुरै किस्ता रकम बुझाएको हुनुपर्नेछ |अन्यथा निज संगको ठेक्का भंग गरी बैक ग्यारेन्टीबाट रकम असुल उपर गर्नेछ ।
- ठेक्का अवधि २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त सम्मको लागि हुनेछ । ३ वर्षको हकमा २०७८ अषाढ मसान्त सम्मको लागि हुनेछ ।
- ठेक्का स्वीकृत भएपछि तोकिएको म्याद भित्र सम्झौता गरी दाखिला गर्नु पर्ने रकम दाखिला नगरेमा धरौटी जफत गरिनेछ । र दोश्रो टेण्डरदाताको वोलपत्र स्वीकृत गर्ने वा नगर्नु पुन: सुचना आव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
- ठेक्का स्वीकत भई सम्झौता गरी सकेपछि जुनसुकै शर्तमा पनि ठेक्काको बुझाउनु पर्ने रकम छुट वा माफ हुनै छैन
- यसमा लेखिएको शर्त वा वन्देजमा यस अनुसार र नलेखिएको कुराहरुमा प्रचलित ऐन नियम र सम्झौताको शर्त अनुसार गर्नु पर्नेछ । साथै अन्य कुराहरु बुझन परेमा कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ ।

त्रि.न.पा. कार्यालय,गाईघाट